# *जातीय समानतालो प्रबर्धनको लागि हालका र योजना गरिएका उपायहरु*

*न्युमोकोनीओसिस क्षतिपूर्ती कोष बोर्ड*

*न्युमोकोनीओसिस क्षतिपूर्ती कोष बोर्ड (द बोर्ड) बिगतको न्युमोकोनीओसिस (क्षतिपूर्ती) अध्यादेश (न्युमोकोनीओसिस र मेसोथेलीओमा (क्षतिपूर्ती) अध्यादेश भनेरे चिनिने) अन्तर्गत १९८० मा स्थापना भएको एक बैधानिक अंग हो (क्याप. ३६०)। (न्युमोकोनीओसिस र मेसोथेलीओमा (क्षतिपूर्ती) अध्यादेशको धारा २६ लाई अनुसरण गर्दा, बोर्डका निम्न कार्य हुन्छनः १) कोषको व्यवस्थापन गर्नु; २) लेवीको दरको संबन्धमा सरकारलाई सिफारिस गर्नु; ३) न्युमोकोनीओसिस र मेसोथेलीओमा रोकथाम गर्ने शैक्षिक, अनुसन्धान र अन्य कार्यक्रम संचालन गर्ने र आर्थिक स्रोत प्रदान गर्ने र यी रोगहरुबाट पिँडित व्यक्तिलाई पुनर्स्थापिना गर्ने कार्यक्रम संचालन गर्ने र आर्थिक स्रोत प्रदान गर्ने; ४) सरकार बाट प्राप्त कोष र १ जनवरी १९८१ भन्दा पहिले न्युमोकोनीओसिस निदान गरिएको व्यक्तिलाई निवृतिभरण रकमको रुपमा सरकारले निकासा गरेको रकमलाई व्यवस्थापन गर्ने; र ५) यस अध्यादेशमा लागु गरिएका अन्य जिम्मेवारीहरु संचालन गर्ने।*

| | |
|---|---|
| *सरोकार राखिएका सेवाहरु* | ● *बोर्डले न्युमोकोनीओसिस र मेसोथेलीओमाको क्षतिपूर्ती, पुनर्स्थापिना र निरूपणको प्ल्याटफर्ममा बहु आयामिक र मानव-केन्द्रित सेवाहरु व्यवसायीक र सौहाद्र तरिकाले र बिरामी, उधोग र पुरा समाजका कार्यशक्तिलाई फाइदा पुर्याउने हेतुले गर्ने उध्येश्य राख्दछ।* |
| *हालका उपायहरु* | ● *बोर्डले चाईनिज र अङ्ग्रेजीमा सेवाहरु प्रदान गर्दछ। आवश्यक परेमा बिभिन्न जातका मानिसहरुलाई अनुवाद र दोभाषेका सेवाहरुको व्यवस्था गरिनेछ।* |
| | ● *बोर्डको वेबसाईटमा बिभिन्न जातीयताको लागि बिशेष पृष्ठ छ, जसमा न्युमोकोनीओसिस को बारेमा नेपाली र उर्दु भाषामा प्रस्तुती फाईल र बुकलेट सहितका शैक्षिक सामाग्रीहरु उपलब्ध छन्।* |
| *भावी कार्यहरुको मुल्यांकन* | ● *बोर्डले बिभिन्न जातीयताका मानिसहरुलाई हामिले तयार गरेको सेवालाई समय समयमा समीक्षा गर्नेछ र उचित सुधार गर्नेछ।* |
| *अबलम्बन गरिएका/ गरिनुपर्ने थप उपायहरु* | ● *क्षतिपूर्ती प्याम्पलेट,वेबसाईटमा भएक बुकलेट र प्रस्तुती फाईल सहितका शैक्षिक सामाग्रीहरु बिभिन्न जातीयताका भाषाहरुमा अनुवाद गरिनेछ।* |

*जातीय समानतालो प्रबर्धनको लागि हालका र योजना गरिएका उपायहरुको सोरकारका सोधपुछको लारि, श्री मानफ्रेड क्रोक ( संचालनको प्रमुख) लाई निम्न च्यानल मार्फत सम्पर्क गर्नुहोस्-*

| | | |
|---|---|---|
| *टेलिफोन नंबर* | : | *२५४१ ००३२* |
| *फ्याक्स नंबर* | : | *२५४१ ०२११* |
| *ईमेल* | : | contact@pcfb.org.hk |
| *पत्राचार ठेगाना* | : | 15/F, Nam Wo Hong Building, 148 Wing Lok Street, Sheung Wan, Hong Kong |

***न्युमोकोनीओसिस क्षतिपूर्ती कोष बोर्ड***
**मे २०२५**